# सत्यवती गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
जोहाङ्ग, गुल्मी
५ नं. प्रदेश, नेपाल


प.सं. : २०७६/७७
च.नं. : १६३३

मिति : २०७७।०२।०९

**विषय : कार्यक्रमका लागि प्रस्ताव पेस गर्ने सम्बन्धी सूचना।**

श्री सामुदायिक विद्यालयहरू (सबै),

सत्यवती गाउँपालिका, गुल्मी ।

प्रस्तुत विषयमा यस सत्यवती गाउँपालिका लागि चालु आ.व. २०७६।०७७ मा विद्यालय क्षेत्र विकास कार्यक्रम अन्तर्गत शसर्त अनुदानको रूपमा प्राप्त कार्यक्रमहरू विद्यालयहरूमा वितरण गर्नुपर्ने भएकाले यस गाउँपालिका तथा अन्य निकायबाट यस अघि उक्त कार्यक्रम प्राप्त नगरेका विद्यालयहरूले तपशीलमा उल्लेख भएका न्यूनतम शर्तहरू पूरा गर्ने गरी विद्यालयले शिक्षण सिकाइ समयमापन सम्वन्धी कार्यविधि (शिक्षा तथा मानव स्रोत विकास केन्द्रको वेभसाइटमा उपलब्ध छ) लागु गरेको सुनिश्चितता साथ विद्यालय व्यवस्थापन समितिको निर्णयसहित मिति २०७७।०२।१५ गतेभित्र तोकिएको ढाँचामा प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबै विद्यालयहरूलाई जानकारीका लागि सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद पछि प्राप्त हुने प्रस्तावना उपर कुनै कार्यवाही नहुने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपशील:

१) **तोकिएको सूचकांकको आधारमा कार्य सम्पादन सम्पन्न गर्ने विद्यालयलाई कार्यसम्पादनमा आधारित अनुदान (Performance Based Grants) :**

- विद्यालय अनुदान व्यवस्थापन निर्देशिका २०७४ को अनुसूची ३ मा उल्लेखित कार्य सम्पादन मुल्यांकन सुचकका आधारमा विद्यालयले शैक्षिक गुणस्तर सुधारका क्रियाकलापसहितको प्रस्ताव पेश गर्ने ।
- छनौटमा परेका विद्यालयहरूलाई रू ५० हजार उपल्ध गराइने । विद्यालयले प्राप्त अनुदान विव्यसको निर्णय अनुसार शैक्षिक गुणस्तर सुधारका क्षेत्र पहिचान गरी खर्च गर्ने । साथै विद्यालयले शिक्षण सिकाइ समयमापन सम्वन्धी कार्यविधि लागु गरेको सुनिश्चितता गर्नु पर्दछ ।

प्रमुख प्रशासकीय अधिकृत


इमेल:-satyawatigaunpalika@gmail.com फोन नं:-०७९-४११०७६ वेवसाइट:- www.satyawatimun.gov.np

# सत्यवती गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
जोहाङ्ग, गुल्मी
५ नं. प्रदेश, नेपाल


सत्यवती गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जोहाङ्ग गुल्मी ५ नं प्रदेश, नेपाल

प.सं. : २०७६/७७
च.नं. :

मितिः

२) **पुस्तकालय स्थापना तथा व्यवस्थापन (फर्निसिङ, किताव खरिद, तथा ई-पुस्तकालय समेत)**

- पुस्तकालय नभएका, गत विगत आ.व.हरूमा पुस्तकालय व्यवस्थापन अनुदान प्राप्त नगरेका तथा विद्यार्थी संख्या उच्च रहेका तथा पुस्तकालय व्यवस्थापनका लागि आवश्यक कक्षाकोठा रहेका विद्यालयहरुले निवेदन दिनसक्ने ।
- छनौट भएका विद्यालयलाई प्रति विद्यालय एकमुष्ठ ६ लाख ५० हजारका दरले अनुदान दिइने । उक्त अनुदानबाट विद्यालयले पाठ्यपुस्तक, पाठ्यक्रम, शिक्षक निर्देशिका, सन्दर्भ सामग्री तथा लाईब्रेरीका लागि आवश्यक फर्निचरहरु जस्तै पुस्तक र्‍याक, बसाई व्यवस्थाका लागि कुर्सी टेवुल लगायतका सामग्रीहरुमा सार्वजनिक खरीद ऐन अनुसार खर्च गर्ने ।
- विद्यालयले खरीद गरेका पुस्तकहरुको सूचि अनिवार्य रुपले सत्यवती गाउँपालिका तथा शिक्षा विकास तथा समन्वय इकाईमा पेश गर्नु पर्नेछ । **नोटः यस वापत प्राप्त अनुदानबाट विद्यार्थीको दैनिक पठन पाठनसँग असम्बन्धित र असान्दर्भिक पुस्तक तथा सामग्रीहरु खरिद गर्न पाईने छैन ।**

३) **शिक्षण सिकाइमा ICT को प्रयोग ( कम्प्यूटर, ईन्टरनेट, कनेक्टिभिटी ईक्यूपमेन्टस तथा Kits खरिद ) का लागि अनुदान**

- ईन्टरनेटको पहुँच भएका तथा विद्युतको नियमित आपुर्ति भएका विद्यालयहरु
- शिक्षकको ICT का माध्यमबाट शिक्षण गर्न सक्ने क्षमता र तत्परता खुल्ने विवरण सहित प्रस्ताव पेश गर्ने ।
- गणित विज्ञान र अंग्रेजी विषयका kits र networking, internet आदि व्यवस्थापन गर्न आवश्यक फर्निचर, कम्प्युटर/उपकरण/सफ्टवेयर/विद्युतीय अन्तरक्रियात्मक श्रव्य-दृष्य सिकाइ सामग्री व्यवस्थापन गर्ने सुनिश्चिततासहितको प्रस्ताव पेश हुनुपर्ने ।
- छनौट भएका विद्यालयलाई प्रति विद्यालय एकमुष्ठ ६ लाख ५० हजारका दरले अनुदान दिइने ।
- विद्यालयले नमूना माध्यमिक विद्यालय व्यवस्थापन निर्देशिका, २०७४ को सम्बन्धित खण्ड र अनुसूचीमा भएको आधार तथा स्पेसिफिकेसनको परिधिभित्र रहेर सार्वजनिक खरीद ऐन नियमावली तथा विद्यालय खरिद दिग्दर्शन अनुसारका प्रकृयाहरू पूरा गरी सामग्री खरीद गर्नुपर्ने ।

४) **माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान :**

- विज्ञान प्रयोगशाला नभएका, गत विगत आ.व.हरूमा विज्ञान प्रयोगशाला अनुदान प्राप्त नगरेका तथा विज्ञान प्रयोगशाला व्यवस्थापनका लागि आवश्यक कक्षाकोठा रहेका विद्यालयहरुले निवेदन दिनसक्ने
- छनौट भएका विद्यालयलाई प्रति विद्यालय एकमुष्ठ ६ लाख ५० हजारका दरले अनुदान दिइने ।

प्रमुख प्रशासकीय अधिकृत

इमेलः-satyawatigaunpalika@gmail.com फोन नं:-०७९-४११०७६ वेवसाइटः- www.satyawatimun.gov.np

# सत्यवती गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
जोहाङ्ग, गुल्मी
५ नं. प्रदेश, नेपाल


प.सं. : २०७६/७७
च.नं. :

सत्यवती गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जोहाङ्ग गुल्मी ५ नं. प्रदेश, नेपाल

मिति :

- विद्यालयहरुले नमूना विद्यालय सञ्चालन निर्देशिका २०७४ को अनुसूचीमा उल्लेखित मापदण्डका आधारमा विज्ञान प्रयोगशाला व्यवस्थापन गर्ने गरी प्रस्ताव पेश गर्ने ।

**५) गणित, विज्ञान र अङ्ग्रेजी विषयका लागि क्रियाकलापमा आधारित सामग्री (Kits) अनुदान :**

- विगतमा यस प्रकृतिको अनुदान नपाएका आधारभूत तह कक्षा १-८ तथा माध्यमिक तहका विद्यालयहरुले मात्र प्रस्ताव पेश गर्न सक्ने,
- प्राप्त बजेटको परिधि भित्र रहि प्रति विद्यालय रु ५० हजारका दरले विद्यालयलाई अनुदान उपलव्ध गराइने ।
- विद्यालयले पाठ्यक्रम विकास केन्द्रबाट विकास एवम् स्वीकृत भएका गणित, विज्ञान र अङ्ग्रेजी विषयका सामग्रीहरु व्यवस्था गरी विद्यार्थीको शिक्षण सिकाइ क्रियाकलापमा सहजीकरण गर्ने व्यवस्था मिलाउने प्रतिवद्धता सहितको प्रस्ताव पेश गर्ने ।

2066/2/3

यादव भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत